# मुसिकोट राजपत्र


मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड २) मुसिकोट,गुल्मी, फाल्गुण ३० गते,२०७५ साल (संख्याः १३


# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिका को योजना सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यविधि–२०७५

नगरपालिका भित्र हुने विकास निर्माणका गतिविधिहरूले यहाँका जनताको जीवनस्तरमा सुधार गरी समृद्ध एवं नमूना नगरपालिका बनाउने उद्देश्यले तयार गरी मिति २०७५/११/२६ को कार्यपालिका बैठकबाट पारित गरी लागू गरिएको मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय वमोजिमको कार्यविधि स्थानीय

सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिका को योजना सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यविधि–२०७५

प्रस्तावना :

नगरपालिका भित्र हुने विकास निर्माणका गतिविधिहरूले यहाँका जनताको जीवनस्तरमा सुधार गरी समृद्ध एवं नमूना नगरपालिका बनाउने उद्देश्यले संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने योजना कार्यक्रम तथा क्रियाकलापहरूलाई व्यवस्थित गर्न सहयोग पु¥याउने तथा विकास निर्माणसँग सम्बन्धित आर्थिक तथा प्रशासनिक कार्यविधिलाई व्यवस्थित, पारदर्शी र जवाफदेही ढंगबाट सञ्चालन गर्नका लागि सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यविधि–२०७५ तयार गरी मिति २०७५/११/२६ को कार्यपालिका बैठकबाट पारित गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम मुसिकोट नगरपालिकाको योजना सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यविधि–२०७५ रहनेछ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

मुसिकोट राजपत्र

(ग) यो कार्यविधि स्थानीय तहहरू, सरकारी तथा गैर सरकारी क्षेत्रबाट संचालित विकास निर्माण लगायतका कार्यहरूका हकमा लागू हुनेछ ।

## २. समितिको गठन

(क) रु.३ लाखभन्दा माथिका योजनाहरूको अनुगमन गर्नको लागि नगरपालिका उपप्रमुखको संयोजकत्वमा नगरपालिका स्तरीय सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ । जुन मूल अनुगमन समिति रहेनछ ।

(ख) रु.३ लाख सम्मका साना योजनाहरूको अनुगमन गर्नको लागि वडाध्यक्षको संयोजकत्वमा वडा स्तरीय सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ ।

(ग) अनुगमन समितिको प्रतिवेदन तथा सिफारिस विना कुनै पनि योजनाको भुक्तानी दिइने छैन ।

## ३. नगरपालिका स्तरीय सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन समिति गठन

यस नगरपालिकामा देहाय बमोजिमको एक नगरपालिका स्तरीय सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ ।

(क) नगरपालिका उपप्रमुख – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) नगर कार्यपालिका बैठकले तोकेको पदाधिकारी मध्ये १ जना महिलासहित २ जना – सदस्य

(घ) नगरपालिका को प्राविधिक शाखा प्रमुख –सदस्य

(ङ) नगरपालिका योजना तथा तथ्याङ्क शाखा प्रमुख –सदस्य सचिव

योजना अनुगमनको शिलशिलामा सम्बन्धित वडाको वडाध्यक्षलाई आमन्त्रण गरिनेछ तर कार्यव्यस्तताले उपस्थित हुन नसकेमा वाध्यकारी मानिनेछैन ।

## ४. वडास्तरीय सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन समिति

नगरपालिका अन्तर्गत प्रत्येक वडामा देहाय बमोजिमको सदस्यहरू रहने गरी वडा स्तरीय सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ ।

(क) वडा अध्यक्ष –संयोजक

(ख) वडाका सम्पूर्ण सदस्यहरू –सदस्य

(ग) प्राविधिक कर्मचारी १ जना –सदस्य

(घ) वडा सचिव –सदस्य सचिव

## ५. नगरपालिका स्तरीय सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार

(क) नगर सभाबाट विनियोजित योजना तथा कार्यक्रमहरूको सुपरीवेक्षण, अनुगमन, निर्देशन तथा नियन्त्रण गर्ने,

(ख) आयोजनाहरूको गुणस्तरीयता कायम गराउने,

मुसिकोट राजपत्र

(ग) योजनाको अनुगमन गरी प्रतिवेदन नगर कार्यपालिकाको बैठकमा पेस गर्ने,

(घ) योजना अनुगमन गरी काम सम्पन्न भएकोमा सोको फछ्र्यौट गर्न सिफारिस दिने,

(ङ) नगरपालिका भित्र हुने विकास निर्माणका कार्यहरूलाई चुस्त दुरुस्त आर्थिक पारदर्शिता र जवाफदेही ढंगबाट सञ्चालन गर्न आवश्यक समन्वय गर्ने ।

(च) नगरपालिका भित्र सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी उक्त कार्यक्रमको अनुगमन गर्ने, निर्देशन दिने ।

(छ) नगरपालिका भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यहरूमा अनियमितता देखिए आवश्यक निर्देशन तथा कारवाहीका लागि आवश्यक व्यवस्था गर्ने,

(ज) अनुगमन सम्बन्धी नगरपालिका को वार्षिक अनुगमन प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेछ साथै अनुगमन प्रतिवेदन नगर सभामा प्रस्तुत गर्नुपर्नेछ ।

## ६. वडा स्तरीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार

(क) नगर सभाबाट विनियोजित योजना तथा कार्यक्रमहरूमध्ये रकम रु.३,००,०००|– भन्दा साना योजनाहरूको सुपरीवेक्षण, अनुगमन, निर्देशन तथा नियन्त्रण गर्ने,

मुसिकोट राजपत्र

(ख) योजनाको सुपरीवेक्षण तथा अनुगमन गरी काम सम्पन्न भएकोमा सोको फछ्र्यौट गर्न सिफारिस गर्ने,

**७. उपभोक्ता समितिले गर्नुपर्ने कार्यहरू**

(क) नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरूको सम्झौता गर्ने र सो बमोजिम समयमै काम सम्पन्न गर्ने,

(ख) उपभोक्ता समितिले काम सम्पन्न भए पश्चात कम्तीमा एक जना अनुगमन समितिका पदाधिकारी रोहवरमा सामाजिक परीक्षण गर्नुपर्ने,

(ग) अनुगमन समितिलाई समयमै योजनाको अनुगमन गराउने,

(घ) तोकिएका कागजपत्र तयार गर्न लगाई योजना तथा कार्यहरू फछ्र्यौट गर्न लगाउने,

(ङ) योजना अनुगमन गराउनु प्रत्येक उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

(च) सम्झौता वमोजिम का विल भर्पाई पेश गर्नु पर्नेछ ।

**८. योजना तथा कार्यक्रमको सम्झौता तथा फरफारकसम्बन्धी प्रक्रिया**

(१) नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालित योजना तथा कार्यक्रमहरु अनुसूची ३, ४, ५, ६,७ बमोजिमको शर्तअनुसार योजना तथा कार्यक्रमहरु सम्झौता हुनेछ ।

(२) योजना सम्झौता गर्दा गर्न आउने (दोस्रो पक्ष)ले अनुसूची १ अनुसारको निवेदन र अनुसूची २ बमोजिमको कागजात संलग्न गरी पेश गर्नुपर्नेछ ।

(३) योजना तथा कार्यक्रमको फरफारक अनुसूची–३, ४, ५ र ६ मा उल्लेख गरेबमोजिम हुनेछ अन्यथा प्रचलित कानूनअनुसार अनुगमन तथा मूल्याङ्कनपछि आवश्यक कागजातहरुको आधारमा गरिनेछ ।

**९. सुपरीवेक्षण, अनुगमान तथा मूल्याङ्कन प्रतिवेदनसम्बन्धी व्यवस्था :**

(१) योजनाको सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी काम गरेपछि समितिले सोको विभिन्न अवस्थामा भएको प्रगति, समस्या लगायतका सकारात्मक र नकारात्मक पक्षको यथार्थ विवरणसहितको प्रतिवेदन तयार गर्नुपर्नेछ ।

**१०. बचाऊ :**

यस नगरपालिका को नाममा नगरपालिका भित्र सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन सम्बन्धी भएका काम कार्वाही यसै कानून बमोजिम गरेको मानिनेछ ।

मुसिकोट राजपत्र

**अनुसूची (१)**

**दफा ८ को उपदफा (२) सँग सम्बन्धित**

**निवेदनको ढाँचा**

मिति :– २०७  /  /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

मुसिकोटनगरपालिका  नगरकार्यपालिकाको कार्यालय,

वामीटक्सार, गुल्मी ।

विषय :– विकास निर्माण/कार्यक्रम सम्पादन गर्ने योजना सम्झौता गरी पाऊँ ।

महोदय,

प्रस्तुत विषयमा आ.व.........मा नगर सभाबाट/कार्यपालिकाबाट यस मुसिकोट न.पा..वडा नं........ मा..............................नामको योजना/कार्यक्रम स्वीकृत भई रु ...................... (अक्षरुपी.......................................रकम विनियोजन भएको छ । हामी यस ............................. वडा अध्यक्ष/सदस्य/सचिव/ प्राविधिक कर्मचारीहरुको उपस्थितिमा कानुन बमोजिम उपभोक्ता समिति गठन गरेका छौँ । यसको अभिलेख सम्वन्धित वडा कार्यालयमा पनि रहेको छ । यस योजनाको लागत अनुमान प्राविधिक श्री ................................ ले गर्नुभएको छ । यस लागत अनुमानबमोजिम



मुसिकोट राजपत्र

हामीले तोकेको समयमा नै कार्यसम्पादन गर्नेछौं । नगरपालिका बाट विनियोजन भएको रकममा उपभोक्ता समितिबाट सम्झौतामा उल्लेख भए बमोजिमको जनसहभागिता वापत लगानी गर्न सहमत छौं । यसमा हामी उपभोक्ता समितिको तर्फबाट सम्झौतामा उल्लेख भए बमोजिमको प्रतिशत लगानी हुनेछ । हामीले तपसिल बमोजिमका कागजात पेश गरेका छौं ।

तपसिल :–

१. बजेट / कार्यक्रम उल्लेख भएको रातो किताबको छाँया प्रति

२. उपभोक्ता समिति गठनको छायाँ प्रति ।

३. उपभोक्ता समितिको निर्णय प्रतिलिपी ।

४. वडा कार्यालयको सिफारिस ।

५. स्वीकृत दररेट अनुसार प्रविधिक श्री ........................................ले तयार गरेको योेजनाको लागत अनुमान ।

माथि उल्लेखित कागजातहरु पेश गरेका छौ । रितपूर्वक योजनाको सम्झौता गरि पाँउ ।

निवेदक

उ.स.को अध्यक्ष

श्री ..........................

फोन नं. ....................

मुसिकोट राजपत्र

हस्ताक्षर

**अनुसूची (२)**

**दफा ८ को उपदफा (१) सँग सम्बन्धित**

**योजना सम्झौता फारामको नमूना**

मुसिकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

वामीटक्सार, गुल्मी

(योजना शाखा)

(योजना सम्झौता–)

आ.व.......... निःशर्त अनुदान समानीकरण अनुदान सशर्त अनुदान

**१. सम्झौता गर्ने पक्ष र योजना :**

**(क) सम्झौता गर्ने संस्था र प्रतिनिधिको नाम :**

१. संस्थाको नाम :

२. नाम :

३. पद :

४. ठेगाना :

**(ख) आयोजनाको विवरण :**

१. नाम :

२. आयोजना स्थल :

३. उद्देश्य :

४. आयोजना स्वीकृत गर्ने निकाय :

५. आयोजना शुरु हुने मिति :

मुसिकोट राजपत्र

६. उपलब्धी (कि.मी., हेक्टर, घन मी. वा वटा आदि) :

**२. आयोजनाको लागत सम्बन्धी विवरण :**

(क) लागत अनुमान :

(ख) लागत व्यहोर्ने स्रोतहरु :

१. नगरपालिका बाट रु. :

कन्टेन्जेन्सी कट्टी रकम रु. :

मर्मत सम्भार कट्टी रकम रु. :

खुद पाउने रकम रु :

२. उपभोक्ता समितिबाट रु.

३. अन्यबाट रु.

**उपभोक्ता समितिले खुद पाउने जम्मा रु.** :

(ग) वस्तुगत अनुदानको विवरण :

| क्र.सं. | विवरण | सामग्रीको नाम | परिमाण | एकाइ | श्रम |
|---|---|---|---|---|---|
| १ | संघबाट | | | | |
| २ | प्रदेशबाट | | | | |
| ३ | नगरपालिका बाट | | | | |
| ४ | उपभोक्ता समितिबाट | | | | |
| ५ | गैरसरकारी संघ–संस्था बाट | | | | |
| ६ | विदेशी दातृ संघ/संस्था बाट | | | | |
| ७ | अन्य निकायबाट | | | | |

मुसिकोट राजपत्र

मर्मत–सम्भारको सम्भावित स्रोत (छ/छैन) खुलाउने :

जनश्रमदान :

सेवा शुल्क :

दस्तुर चन्दा रु. :

अन्य :

(घ) आयोजनाबाट लाभान्वित हुने :

१. घरपरिवार संख्या : २. जनसंख्या :

३. समुदाय : ४. अन्य :

**३. उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैरसरकारी संस्थाको विवरण :**

**(क) गठन भएको मिति :**

**(ख) उपभोक्ता समिति वा गैरसरकारी संस्था समुदायमा आधारित संस्थाका पदाधिकारीको नामावली :**

१. अध्यक्ष : २. उपाध्यक्ष :

३. कोषाध्यक्ष : ४. सचिव :

५. सदस्य : ६. सदस्य :

७. सदस्य : ८. सदस्य :

९.सदस्य : १०. सदस्य :

११. सदस्य :

**(ग) गठन गर्दा उपस्थित लाभान्वितको संख्या** :

समितिमा जम्मा सदस्य संख्या : महिला सदस्य संख्या :

**४. आयोजना सञ्चालनसम्बन्धी अनुभव** :



मुसिकोट राजपत्र

**५. उपभोक्ता समिति, समुदायमा आधारित संस्था/गैरसरकारी संस्थाले प्राप्त गर्ने किस्ता विवरण :**

| क्र.स | किस्ताको क्रम | किस्ताको रकम | मिति | कैफियत |
|---|---|---|---|---|
| पहिलो | | | | |
| दोस्रो | | | | |
| तेस्रो | | | | |
| जम्मा | | | | |

उ.स. प्रतिनिधिको नाम : कार्यालयको तर्फबाट :

दस्तखत : दस्तखत :

**<u>सम्झौताका शर्तहरु :</u>**

**उपभोक्ता समिति तथा कार्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरु :**

१. आयोजना/कार्यक्रम मिति ...... देखि शुरु गरी मिति ........ सम्मा पूरा गनुपर्नेछ । तोकिएको अवधिमा कार्य सम्पन्न गर्न नसकेको अवस्थामा म्याद समाप्त हुनुभन्दा ७ दिन अगाडि म्याद थपका लागि कार्यालयमा निवेदन दिनुपर्नेछ ।

२. प्राप्त रकम तथा निर्माण समाग्री सम्बन्धित आयोजनाको उद्देश्यको लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

३. नगदी, जिन्सी सामानको प्राप्ति, खर्च बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्नेछ ।

४. आयोजनाको कुल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी हुनेछ ।

५. उपभोक्ता समितिले प्राविधिकको राय, परामर्श एवम् निर्देशनबमोजिम काम गर्नुपर्नेछ ।

६. उपभोक्ता समितिले आयोजनासँग सम्बन्धित बिल, भरपाइहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, समिति/समूहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलब्ध गराउनुपर्नेछ ।

७. कुनै सामग्री खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण–पत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको बिल भरपाई आधिकारिक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

८. मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवा खरिद गर्दा रु.२०,०००।– भन्दा बढी मूल्यको सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण–पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्नेछ । साथै उक्त बिलमा उल्ल्ेखित मूल्य अभिवृद्धि कर बाहेकको रकममा १.५% अग्रीम आयकर वापत करकट्टी गरी बाँकी रकम मात्र सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु.२०,०००।– भन्दा कम मूल्यको सामग्री खरिदमा पान नम्बर लिएको व्यक्ति वा फर्मबाट पनि खरिद गर्न सकिनेछ । अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ ।

मुसिकोट राजपत्र

९.. डोजर रोलर लगायतका मेशिनरी सामान भाडामा लिएमा प्राविधिक मूल्याङ्कन बमोजिम बिल भरपाई पेश गर्दा नियम अनुसार बहाल कर तिर्नुपर्नेछ ।

१०. निर्माणको क्रममा हेभी इक्वीप्मेन्ट प्रयोग गर्नुपर्ने भएमा नगरपालिका को कार्यालयमा सूचीकृत हेभी इक्वीप्मेन्ट प्रयोग गर्नुपर्नेछ । भुक्तानी लिन आउँदा स्वीकृत सूचीकृत भएको हेभी इक्वीप्मेन्टको अनुमति पत्र पेश गर्नुपर्नेछ ।

११. प्रशिक्षकले पाउने पारिश्रमिक एवम् सहभागीले पाउने भत्तामा प्रचलित नियमानुसार कर लाग्नेछ ।

१२. निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आइटमहरुमा परिवर्तन हुने भएमा अधिकारप्राप्त व्यक्ति/कार्यालयबाट लागत अनुमान संशोधन गरेपश्चात् मात्र कार्य गर्नुपर्नेछ । यसरी लागत अनुमान संशोधन नगरी कार्य गरेमा उपभोक्ता समिति/समूह नै जिम्मेवार हुनेछ ।

१३. आयोजनाको आवश्यक मर्मत सम्भारको व्यवस्था सम्बन्धित उपभोक्ताहरुले नै गर्नुपर्नेछ ।

१४. आयोजनाको सबै काम उपभोक्ता समिति/समूहको निर्णयअनुसार गर्नु/गराउनुपर्नेछ ।

१५. रु.३ लाख वा सोभन्दा माथिको आयोजनामा आयोजनासम्बन्धी विवरण समेटिएको परियोजना सूचना पार्टी (एचयवभअत क्ष्लायचmबतष्यल द्ययबचम) योजना स्थलमा राख्नुपर्नेछ ।

१६. आयोजनाको प्राविधिक सुपरीवेक्षणका लागि कार्यालयको तर्फबाट प्राविधिक खटाइनेछ । उपभोक्ता समितिबाट भएको कामको नियमित सुपरीवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिक हुनेछ ।

१७. श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोहीबमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग सम्झौता रद्ध गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्याङ्कन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ । साथै उपभोक्ता समिति मार्फत सम्झौता भएको आयोजना समितिले ठेक्का मार्फत गराएको बुझिएमा रकम भुक्तानी हुनेछैन ।

१८. सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, प्रमाणित बिल, भरपाई, योजनाको मुख्य, मुख्य फोटाहरु, रु.३ लाख भन्दा माथिका आयोजनामा सूचना पार्टी राखेको फोटो, सम्बन्धित उपभोक्ता समितिले आयोजना सञ्चालन गर्दा भएको आय–व्ययको अनुमोदनसहित कार्य सम्पन्न भएको निर्णय प्रतिलिपी, उपभोक्ता भेलाबाट सार्वजनिक लेखा परीक्षणपको निर्णयको प्रतिलिपि, अनुसूची ३, अनुसूची ४ बमोजिम खर्च सार्वजनिक गरेको समितिको निर्णय, अनुसूची ६ बमोजिम कार्यक्रमको भौतिक तथा वित्तीय प्रतिवेदन, अनुगमन समितिको कार्य सम्पन्न भएको निर्णय प्रतिलिपी तथा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ ।

१९. आवश्यक कागजात संलग्न गरी भुक्तानी उपलब्ध गराउन सम्बन्धित उपभोक्ता समितिबाट अनुरोध भई आएमा उपभोक्ता समितिको बैंक खातामा भुक्तानी दिइनेछ ।

२०. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानूनबमोजिम हुनेछ ।

अन्य शर्तहरु :

१.

२.

उपर्युक्त बमोजिम गर्न हामी मञ्जुर छौं ।

| | | |
|---|---|---|
| उपभोक्ता समितिको तर्फबाट | योजना शाखाको तर्फबाट | नगरपालिकाको तर्फबाट |
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| फोन नं. : | मिति : | मिति : |
| मिति : | | |

मुसिकोट राजपत्र

मुसिकोट राजपत्र

## अनुसूची (३)

**दफा ८ को उपदफा (३) सँग सम्बन्धित**

**सार्वजनिक परीक्षण फारामको नमूना**

**सार्वजनिक परीक्षण फाराम**

मुसिकोट नगर कार्यपालिकाको कार्यालय, वामीटक्सार, गुल्मी

१. आयोजनाको नामः

नामः स्थलः

लागत अनुमानः आयोजना शुरु हुने मितिः......./.. ./

२. उपभोक्ता समिति/सामुदायिक संस्थाको

नामः

अध्यक्षको नामः

सदस्य संख्याः महिलाः पुरुषः

३. आम्दानीको खर्च विवरण

क) आम्दानीतर्फः

| आम्दानी स्रोत –कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने | रकम | कैफियत |
|---|---|---|
| | | |

ख) खर्चतर्फः

| क्र.स | खर्चको विवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | सामग्री (के के सामग्री खरिद भयो ) | | | |
| २ | ज्याला (के मा कति भुक्तानी भयो ) | | | |
| ३ | श्रमदान (कति जनाले श्रमदान गरे ) | | | |
| ४ | व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च ) | | | |

५) मौज्दात

| विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| १. नगद | | |
| बैंक | | |
| व्यक्तिको जिम्मा | | |
| २. सामग्रीहरुको | | |

३) भुक्तानी दिन बाँकी

| विवरण | रकम वा परिमाण |
|---|---|

**४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण**

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |

**५. आयोजनाले पु¥याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या**

(आयोजना संचालन भएको स्थानका उपभोक्ताहरु ) ।

**६. आयोजना संचालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड**

(कस कसले कस्तो कामको जिम्मेवारी लिएका थिए, खुलाउने ) ।

## अनुसूची (४)

### दफा ९ को उपदफा (१) सँग सम्बन्धित

### वडास्तरीय योजनाका लागि सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदनको नमूना

मुसिकोट नगरपालिका

.......... नं. वडा कार्यालय

..............., गुल्मी

वडास्तरिय योजनाको लागि सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन

१. योजनाको नाम –

२. योजना संचालन भएको वडा नं. –

३.योजना सम्झौता भएको मिति –

४. काम शुरु भएको मिति –

५. काम सम्पन्न भएको मिति –

६. खर्च अनुमोदन र सार्वजनिक गरेको मिति –

७. योजनाको लागि बिनियोजित रकम –

८. जनश्रमदान –

९. उपभोक्ता समितिका अध्यक्षको नाम –

१०. उपभोक्ता समितिका सचिवको नाम –

११. अनुगमनमा संलग्न पदाधिकारीहरु

संयोजक श्री

सदस्य श्री

सदस्य श्री

सदस्य श्री

सदस्य श्री

सदस्य श्री

सदस्य सचिव श्री

श्री

श्री

१२. अनुगमन समितिको निष्कर्ष :

यस योजनाको अनुगमन गर्दा लागत अनुमान बमोजिमको कार्य सम्पन्न भइसकेको/नभएको, उपभोक्ता समितिको तर्फबाट जनश्रमदान भएको/नभएको, नियमानुसार सार्वजनिक परीक्षण भएको/नभएको पाइएकोले योजनाको अन्तिम भुक्तानीको लागि सिफारिस गर्ने/ गर्ने निर्णय गरियो ।

मुसिकोट राजपत्र

मुसिकोट राजपत्र

**अनुसूची (५)**

**दफा ९ को उपदफा (१) सँग सम्बन्धित**

**नगरपालिका स्तरीय योजनाका लागि सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदनको नमूना**

मुसिकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, वामीटक्सार, गुल्मी

नगरपालिका स्तरीय सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिबेदन

१. आयोजना / कार्यक्रमको नामः ................. नगरपालिका ......... वार्ड नं. ............ स्थानः ......................

२. कुल लागत अनुमान :...................... कार्यालय :.................... उपभोक्ता :.............

३. निर्माण प्रक्रियाः

(क) उपभोक्ता समितिः (ख) विषयगत कार्यालय

(ग) सामुदायिक संस्थाः (घ) गैरसरकारी संस्था

(ङ) सार्वजनिक निजी साझेदारी (च) ठेक्कापट्टा

(छ) अमानत

४. आयोजनाः

(क) सम्झौता मितिः (ख) सम्पन्न हुने मितिः

(ग) आयोजनामा संलग्न साझेदारहरूले लागत सहभागिता वा जनसहभागिता जनाएको वा नजनाएको (जनाएको भए प्रतिशतमा राख्ने)

- जम्मा लागत सहभागिता .........
- जम्मा जनश्रमदान/सहभागिता % .........

५. आयोजनाको अनुगमन गर्नुपर्ने पक्षहरुः

(क) आर्थिक पक्षः

<u>१) योजनामा प्राप्त वजेटः</u> <u>२) योजनामा खर्चः</u>

नेपाल सरकार बाट प्राप्त रू. प्रथम किस्ता खर्च रू.

गा.पा/न.पा बाट प्राप्त रू. दोस्रो किस्ता खर्च रू.

निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट प्राप्त रू

उपभोक्ता समिति बाट प्रप्त रू. तेस्रो किस्ता खर्च रू.

अन्य संघ सस्थाबाट प्राप्त रू. जम्मा खर्च रू.

जम्मा रू. हाल सम्मको खर्च (प्रतिशतमा % रू............. . । )

**३) तोकिएको उद्धेश्यमा लगानी भए नभएको**

पुर्वाधार विकास कार्यक्रमः भएको नभएको

आय आर्जन कार्यक्रमः भएको नभएको

सिपमुलक कार्यक्रमः भएको नभएको

अन्य कार्यक्रमः भएको नभएको

**(ख) भौतिक पक्षः**

१) कार्यतालिका वमोजिमको समयमा कार्य भएको नभएको

२) सुपरीवेक्षणः भएको नभएको

**३. योजनाको भौतिक कार्यः**

मुसिकोट राजपत्र

१.

२.

३.

**४.योजनावाट फाइदा पुग्नेः**

| विवरण | दलित | जनजाति | अन्य | जम्मा |
|---|---|---|---|---|
| लाभान्वित घरधुरी | | | | |
| लाभान्वित जनसंख्या | | | | |

(ग) उपभोक्ता समिति तर्फको पक्षः

१) उपभोक्ता समितिको गठन/पुनर्गठन चरणको सहभागिता

क) गठन/पुनर्गठन मितिः ............ (ख) उपस्थिति संख्या ....... जना

२) उपभोक्ता समितिको वैठक बस्ने गरेको नगरेकोः गरेको नगरेको

वस्ने गरेको भए : (क) पाक्षिक (ख)मासिक

(ग)...........पटक

३) उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षको नाम र सम्पर्क फोन नम्बर :

अध्यक्षः नाम .......................................फोन नं...........................

सचिवः नाम .........................................फोन नं..........................

कोषाध्यक्षः नाम .................................... फोन न.....

४) सार्वजनिक परीक्षण, पारदर्शितासम्बन्धी काम गरेको नगरेकोः

गरेको नगरेको

गरेको भए : (क) पाक्षिक (ख) मासिक ग)..........पटक

६. आयोजनाको दिगो व्यवस्थापन सम्बन्धमा भएको प्रयास :

क) मर्मत सम्भार कोष सथापना भएको नभएको

मुसिकोट राजपत्र

ख) व्यवस्थापन समिति गठन भएको नभएको

ग) हेरालु/चौकिदारको व्यवस्था भएको नभएको

घ) अन्य केही भए उल्लेख गर्नेः ....................................

७. आयोजनाबाट वातावरणीय क्षेत्रमा पार्ने कुनै असर भए उल्लेख गर्ने : ........................................................

८. आयोजना / कार्यक्रमप्रति आम उपभोक्ताको धारणाः

९. आयोजना र वजेटबाट प्राप्त उपलब्धि बारे लेख्नेः

१०. आन्तरिक व्यवस्थापन पक्ष

१०.अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरू भए उल्लेख गर्नेः

अनुगमन समिति

सयोजक :–

सदस्य :–

सदस्य :–

सदस्य :–

सदस्य :–

मुसिकोट राजपत्र

## अनुसूची (६)
## दफा ८ को उपदफा (३) सँग सम्बन्धित
## खर्च सार्वजनिक सूचना फाराम

मितिः ........../........./

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

मुसिकोट नगर कार्यपालिकाको कार्यालय, वामीटक्सार, गुल्मी

१. योजनाको नामः

२. आयोजना स्थलः

३. विनियोजित बजेटः

४. आयोजनाको स्वीकृत भएको आ.व.:

५. आयोजना सम्झौता भएको मितिः

६. काम सम्पन्न गर्नुपर्ने मितिः

७. काम सम्पन्न भएको मितिः

८. उपभोक्ता समितिको बैठकले खर्च स्वीकृत गरेको मितिः

खर्चको विवरण

| (अ) अनुदानतर्फः | आ) श्रमदानतर्फः |
|---|---|
| (क) निर्माण सामग्री (आयात गर्नुपर्ने सामान) | (क)निर्माणसामग्री(स्थानीय सामग्री) |
| १. | १. |
| २. | २. |

मुसिकोट राजपत्र

३.

(ख) कामदारको विवरणः

१. सिपालु दिन संख्याः

२. ज्यामी दिन संख्याः२.

(ग) ढुवानीको विवरणः

१. ट्रक/ट्र्याक्टर भाडाः

२. मानिसद्वारा ढुवानीः

३. मेशिन तथा औजार

   १.

   २.

   ३.

३.

(ख) कामदारको विवरण :

१. सिपालु दिन संख्या :

२. ज्यामी दिन संख्याः

(ग) ढुवानीको विवरण :

१. ट्रक/ट्र्याक्टर भाडाः

२. मानिसद्वारा ढुवानीः

३. मेशिन तथा औजार

   १.

   २.

   ३.

खर्च सार्वजनिक समयको उपस्थितिः

१.उपभोक्ता समिति/समूहका पदाधिकारीहरु

क)

ख)

ग)

२.स्थानीय सामाजिकसंघ संस्थातर्फ

क)

ख)

ग)

उपर्युक्त खर्च विवरण उपभोक्ता भेला तथा बेैठकमा निर्णय गरी जानकारीको लागि तयार गरिएको व्यहोरा प्रमाणित गरिएको छ । साथै उपभोक्ता तथा स्थानीय सामाजिक संघ संस्थाको रोहबरमा सम्पन्न आयोजनाको निर्माण कार्य सम्पन्न भएको र सो आयोजना बारे सार्वजनिक जानकारी सबै सरोकारवालाहरुलाई यस सूचना सार्वजनिकस्थलको सूचना पाटीमा टाँस गरिएको छ ।

मुसिकोट राजपत्र

द्रष्टव्यः सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित सरोकारवालाको उपस्थिति अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ ।

रोहवर

उपभोक्ता समितिको सचिव उपभोक्ता समितिको अध्यक्ष वडा अध्यक्ष

**अनुसूची (७)**

**दफा ८ को उपदफा (१) सँग सम्बन्धित**

**सूचना पाटी**

मुसिकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, वामीटक्सार, गुल्मी

सूचना पाटी (**SIGN BOARD**)

मितिः

योजनाको नाम :

नगरपालिका : मुसिकोट नगरपालिका नगरपालिका अनुदानः

वडा नं.: कन्टेन्जेन्सी रकम रु.:

उपभोक्ता समितिको नाम : मर्मत सम्भार कट्टी रकम रु.:

अध्यक्षको नामः स्वरोजगार कोष कट्टी रकम रु.:

जम्मा सदस्य संख्याः खुद पाउने रकम रु.:

महिला सदस्य संख्याः जनसहभागितावापतको रकम रु.

योजना सम्झौता मितिः अन्य निकायको अनुदानः

योजना शुरु हुने मितिः कुल रकम रु .:

योजना सम्पन्न हुने मितिः सम्पर्क मो. नं. :

प्रमाणिकरण मिति : २०७५।११।३०

आज्ञाले,
नवराज भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

**मूल्य रू २०**

मुसिकोट राजपत्र